# स्थानीय राजपत्र

जानकी गाउँपालिका द्वारा प्रकाशित

खण्डः १ संख्याः ८ मितिः २०७५/३/१७

## भाग-२

## जानकी गाउँपालिका, दुर्गौली, कैलाली

**जानकी गाउँपालिका पदाधिकारी सेवा तथा सर्त सम्बन्धी कार्यविधि, २०७४**

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः २०७४।०७।२४ गते

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को धारा २२७ अनुसार प्रदेश कानुन बमोजिम गाउँपालिका पदाधिकारीहरुको सेवा सर्त सम्बन्धि व्यवस्था नभए सम्मका लागि पदाधिकारीहरुलाई न्यूनतम सेवा सुविधा उपलब्ध गराउने कार्यलाई गाउँ कार्यपालिका बाट स्वीकृत गरि र गाउँ सभाबाट अनुमोदन हुने गरी हाललाई कार्यविधि बनाउन वाञ्छनीय भएकोले कार्यविधि वनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम जानकी गाउँपालिका पदाधिकारीहरुको सेवा सर्त सम्बन्धी कार्यविधि २०७४ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

तर पदाधिकारीहरुलाई यही कार्यविधि अनुरुप आर्थिक वर्ष २०७४/०७५ को प्रारम्भ देखि नै सेवा तथा सुविधा उपलब्ध गराउन सकिने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “गाउँपालिका” भन्नाले जानकी गाउँपालिका सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले जानकी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(घ) “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) “उपाध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) “वडाध्यक्ष” भन्नाले जानकी गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(झ) “सभा” भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(ट) “वडा सचिव” भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनुपर्छ ।

(ठ) “पदाधिकारी” भन्नाले जानकी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, सभा सदस्य समेत लाई जनाउछ । यस शब्दले गाउँपालिकाको कार्य सम्पादनको सिलसिलामा गठन गरिएका विभिन्न समिति, उपसमिति वा कार्यदलका सदस्य समेतलाई जनाउछ ।

**३) पदाधिकारी सेवा सुविधा सम्वन्धि व्यवस्था**

**मासिक पारिश्रमिक**

१) गाउँपालिका पदाधिकारीहरुले प्रदेश कानुनमा अन्यथा लेखिए बाहेक मासिक रुपमा निम्नानुसारको पारिश्रमिक प्राप्त गर्ने छन ।

अध्यक्ष मासिक रु ३५,०००।००

उपाध्यक्ष मासिक रु ३०,०००।००

वडा अध्यक्ष मासिक रु २०,०००।००

तर यस्तो पारिश्रमिक गाउँपालिकाको आन्तरिक आयबाट मात्र भुक्तानी गरिनेछ र आन्तरिक आम्दानीले धान्न नसकेमा पारिश्रमिक उपलब्ध गराईने छैन ।

### ४) बैठक भत्ता सम्वन्धि व्यवस्था

१. गाउँ सभामा उपस्थित पदाधिकारीहरुले गाउँ सभा बैठकमा उपस्थित अनुसार प्रत्येकले रु.१५०० (एक हजार पाँच सय) का दरले बैठक भत्ता पाउने छ। यसमा गाउँ सभाको सचिवले समेत यस्तो बैठक भत्ता प्राप्त गर्ने छ।

२. गाउँ सभामा सहभागी सदस्यहरुले बाटो खर्च स्वरुप प्रत्येकले एकमुष्ट रु. ५०० ( पाँच सय) पाउने छ। तर भ्रर्मण खर्च नियमावली बमोजिम दैनिक भ्रमण भत्ता प्राप्त गरेको भए यस दफा बमोजिम बाटो खर्च पाउने छैन।

३. गाउँ कार्यपालिकाका उपस्थित सदस्यहरुले बैठक भत्ता स्वरुप एकमुष्ट रु.१५०० एक हजार पाँच सय) प्राप्त गर्ने छन्।

(सदस्य भन्नाले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य तथा गाउँपालिका सचिव (प्रमुख प्रशासकीय अधिकृत) समेतलाई जनाउँछ)

४. गाउँपालिका अन्तर्गत कानुन सम्मत गठन भएका विभिन्न समितिको बैठकमा उपस्थित प्रत्येक सदस्यहरुले बैठक भत्ता स्वरुप रु.१००० (एक हजार) भुक्तानी दिईनेछ। यस प्रयोजनका लागि विज्ञका रुपमा आमन्त्रित विज्ञहरु र समितिको सचिव समेतलाई सदस्यको ..... बैठक भत्ता भुक्तानी गराईने छ।

### ५) भ्रमण खर्च

१. गाउँपालिकाको कामकाजमा भ्रमण प्रयोजनका निमित्त गाउँपालिका अध्यक्ष र उपाध्यक्षले भ्रमण खर्च नियमावली २०६४ को द्वितीय तहले प्राप्त गर्ने सरहको भत्ता सोही नियम बमोजिम र प्रक्रिया अनुसार प्राप्त गर्नेछन। भ्रमण आदेश स्वीकृत गर्ने प्रक्रिया गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२. कार्यपालिकाका सदस्य र सभाका सदस्यहरुले वडा कार्यालय वा गाउँपालिकाको कामकाज गर्ने शिलशिलामा भ्रमण गर्दा भ्रमण खर्च नियमावलीको २०६४ को व्यवस्था अनुसार तृतीय तहले प्राप्त गर्ने भत्ता प्राप्त गर्नेछ। कार्यपालिकाका सदस्य र सभाका सदस्यहरुले भ्रमण आदेश गाउँ कार्यपालिका अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ।

### ६. वडा सभामा बैठक भत्ता सम्बन्धी व्यवस्था

१. वडा समिति बैठकमा उपस्थित वडा सदस्यहरुले बैठक भत्ता स्वरुप प्रति बैठक रु रु.१००० (एक हजार) प्राप्त गर्ने छन् । वैठक भत्ता वडा सचिवले समेत प्राप्त गर्नेछ ।

२. वडा समितिको वैठक मासिक रुपमा जति पटक वसे पनि एक महिनामा तीनवटा वैठक भन्दा बढी बैठकको बैठक भत्ता भुक्तानी गरिने छैन ।

**७. ईन्धन तथा सवारी साधन मर्मत**

१. गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले कार्यालयको सवारी साधन प्रयोग गर्दा खपत गरेको ईन्धन वापतको रकम गाउँपालिकाले भुक्तानी गर्नेछ तर निजि सवारी साधन कार्यालय प्रयोजनका लागि प्रयोग गरेमा मासिक मासिक १० (दश) लिटर पेट्रोल भन्दा बढी भुक्तानी दिईने छैन ।

२. वडा अध्यक्षहरुलाई मासिक रुपमा कार्यालय प्रयोजनमा कार्यालय वा निजी सवारी साधन प्रयोग गरे वापत प्रयोग वढीमा मासिक २० (विस) लिटर पेट्रोल उपलब्ध गराउने छ ।

३. कार्यालयको सवारी साधन प्रयोग गर्दा नियमित ममर्त सम्भार तथा अन्य खर्च कार्यालयले व्यहोर्ने छ तर निजी सवारी साधन प्रयोग गर्दा सोको मर्मत सम्भार तथा अन्य कुनै किसिमको भुक्तानी कार्यालय बाट दिईने छैन ।

**८. सञ्चार सुविधा**

१. अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुलाई कार्यालयले एक एक थान पोष्टपेड सिम कार्ड उपलब्ध गराउने छ ।

२. कार्यालयले उपलब्ध गराएको प्रत्येक सिमकार्डमा बढीमा मासिक रु १०००।०० (एक हजार) कार्यालयले भुक्तानी गर्नेछ । तर यस्तो भुक्तानी लिन सिमकार्ड प्रयोग कर्ताले नेपाल टेलिकममा नै गएर भुक्तानी गरेको हुनु पर्नेछ ।

**९) विविध**

१. यो कार्यविधि प्रदेश कानूनले सेवा सुविधा बनाएर लगु गरेमा स्वतः निष्कृय हुनेछ ।

२. प्रचलित ऐन कानूनमा भएको अन्यथा व्यवस्था भएको खण्डमा सोही बमोजिम गरिनेछ ।

आज्ञाले,
दशरथराम ओड
प्रमुख प्रशासकीय अधिकृत